# दूर तथा खुला शिक्षाको अपरिहार्यता

**बाबुकाजी कार्की**
पूर्व जिल्ला शिक्षा अधिकारी

## सारांश

**शिक्षाले मानवको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गरी सशक्तीकरण एवम् दक्षता हासिल गर्दै सफल र प्रतिस्पर्धी जीवन जिउन मदत गर्दछ । साक्षरता प्रतिशत र देश विकासको गति समानुपातिक हुन्छ । आजको तीव्र गतिमा विज्ञान र प्रविधिको विकास र विस्तार भइराखेको एकाइसौँ शताब्दीमा प्रतिस्पर्धी नागरिक उत्पादन गर्न खुला तथा दूर शिक्षा वरदान हो । यसमा समय तथा विषयमा लचकता हुने भएकाले खुला तथा दूर शिक्षा बिनाभेदभाव सबैले सर्वसुलभ किसिमले शिक्षाको अवसर पाउने समावेशीकरणको सशक्त विकल्प हो । त्यसकारण विविध कारणबाट शिक्षा हासिल गर्न विमुख भएका नागरिकलाई पुनः शिक्षामा मूल प्रवाहीकरण गरी पौरखी बनाउन खुला शिक्षा नीति सशक्त विकल्प हो । साधन स्रोत सम्पन्न खुला शिक्षालाई प्रभावकारी रूपमा व्यवहारमा उतारी दिगोपन ल्याउन कम्तीमा पनि सरकार, समुदाय, सङ्घसंस्था तथा सरोकारवाला बिचमा सहयोग, सहकार्य, समन्वय, सञ्चार र समीक्षा (नौ स) अपरिहार्य हुन्छ ।**

## मुख्य शब्दावली (Keywords)

**खुला शिक्षा** (Open School), **साझेदारी** (Cost Sharing), **लागत आपुरण** (Cost Recovery), **आधारभूत तह** (Basic Level), **इलर्निङ** (e-learning), **सूचना तथा सञ्चार प्रविधि** (Information and Communication Technology-ICT), **सार्वजनिक निजी साझेदारी** (Public Private Patneship), **राष्ट्रिय अनौपचारिक नीति** (National Nonformal Policy), **दूर शिक्षा पद्धति**, **राष्ट्रिय साक्षरता अभियान** (National Literacy Compaign), **महिला शिक्षा** (Female Education), **निरन्तर शिक्षा** (Continuous Education), **अनौपचारिक पद्धति** (Nonformal System)

## विषय प्रवेश

शिक्षाले ज्ञान विज्ञान, प्रविधि र चेतनाका क्षेत्रमा तीव्र गतिमा भइरहेको प्रगतिलाई आत्मसात् गर्दै एक सफल जीवन जिउने सक्षम नागरिक उत्पादन गर्न सक्नुपर्दछ । सफल जीवनका लागि आवश्यक ज्ञान र सिप आर्जन गर्न शिक्षाको अहम् भूमिका हुन्छ । सिकाइ जीवन पर्यन्त चलिरहने प्रक्रिया हो । शिक्षाको प्रारम्भिक खुड्किलो साक्षर हुनु हो । साक्षर हुनका लागि पनि मुख्यतः औपचारिक र अनौपचारिक पद्धति हुन्छन् । स्थायी प्रकृतिका साङ्गठनिक संरचना भएका विद्यालय, महाविद्यालयबाट सीमित उमेर अवधिका लागि दिइने शिक्षालाई औपचारिक शिक्षा भनिन्छ भने गर्भावस्थादेखि जीवनको अन्तसम्मको सिकाइ अनौपचारिक शिक्षाको परिभाषाभित्र पर्दछ । वास्तवमा सिक्ने क्रमको कुनै सीमा हुँदैन । पारिवारिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, भौगोलिक आदि विविध कारणबाट औपचारिक शिक्षा आर्जन गर्न विमुख भएका व्यक्तिका निमित्त खुला सिकाइको व्यवस्था वरदान सावित हुने तथ्यलाई नकार्न सकिन्न । प्राथमिक तहमा भर्ना भएका विद्यार्थीमध्ये करिब ३३ प्रतिशत मात्र निम्न माध्यमिक तहमा पुग्ने र त्यसमध्ये ५० प्रतिशत माध्यमिक तहमा पुग्छन् । जसमध्ये ५० प्रतिशतको हाराहारीमा मात्र एसएलसी उत्तीर्ण भएको पाइन्छ *(MOE,2014)* । ठूलो सङ्ख्याको जनशक्तिले विद्यालय तहको शिक्षा पुरा नगरेको वर्तमान अवस्था एकातिर छ भने अर्कोतर्फ उत्तीर्ण हुनेहरूको प्राप्ताङ्क सरदर ५० प्रतिशत पुग्न पनि हम्मे हम्मे छ । कतिपय विषयहरूमा पूर्णाङ्क प्राप्त गर्नु भनेको

आठौँ आश्यर्च भएको छ । उपलब्धि स्तर कमजोर भएका जनशक्ति बेरोजगार रहनु स्वाभाविकै हो । राष्ट्रिय जनगणना २०६८ अनुसार ५ वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल जनसङ्ख्या २,३९,२६,५४१ मा ६५.९ प्रतिशत साक्षर भएको देखिन्छ । जसमा पुरुष ७५.१ र महिला ५७.४ प्रतिशत साक्षरता रहेको छ *(CBS 2068)* । अनौपचारिक शिक्षा केन्द्रबाट सञ्चालित राष्ट्रिय साक्षरता अभियान, महिला शिक्षा आदि कार्यक्रमबाट आधार भूत साक्षरता हासिल गरेका लाखौँनव साक्षरलाई निरन्तर शिक्षाको मूल प्रवाहमा समेट्न पर्याप्त कार्यक्रमहरू छैनन् । जसले गर्दा साक्षर पुनः निरक्षर बन्ने जोखिम अधिक छ । विभिन्न पेसामा लागेका नागरिकलाई आफ्नो रोजगारीमै बसेर सुपथ र सहज रूपमा उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्न खुला विश्व विद्यालय एक सशक्त विकल्पको हो । तसर्थ उनीहरूको योग्यता दक्षता समायनुकूल परिमार्जन र परिष्कृत गर्दै पूर्णता दिन खुला शिक्षा अपरिहार्य हुन्छ । विभिन्न कारणले विद्यालयबाट बाहिरिएका जनसमुदायलाई पुनः निरन्तर शिक्षाको मूल प्रवाहमा ल्याउन एक अपरिहार्य माध्यम हो खुला सिकाइको व्यवस्था । परम्परागत ज्ञान र सिप अद्यावधिक गरी गुणस्तर वृद्धि गर्दै पेसागत दक्षता अभिवृद्धिका साथै विभिन्न चाहना भएका सिकारुहरूका लागि शिक्षामा पहुँचको विस्तार गर्न यसको उल्लेख्य योगदान रहन्छ । दूर तथा खुला सिकाइको विकास पछिल्लो समयमा महत्त्वका साथ भएको छ ।

## विषय वस्तुको विश्लेषणात्मक विस्तार

### १. दूर तथा खुला सिकाइको विकास क्रम

#### (क) विश्व सन्दर्भ

- ❖ क्राइस्टले आफ्ना अनुयायीहरूलाई प्रशिक्षित गर्न विभिन्न स्थानमा हुने सम्मेलनमा पत्र पठाएर प्रार्थना समयमा प्रशिक्षित गर्ने गरेको । *(Daniel, 1998),*
- ❖ सन् १८४० मा बेलायतको बाथमा चिठीपत्रको माध्यमबाट दूर तथा खुला शिक्षाको प्रारम्भ भएको,
- ❖ सन् १८७३ मा अमेरिकामा घर घरमा अध्ययन गर्ने समाजको स्थापना भएको,
- ❖ सन् १९१४ मा खुला विद्यालयको सुरुआत अस्ट्रेलियाको जङ्गलमा काम गर्ने कामदारहरूका छोरा छोरीलाई पढाउने व्यवस्थाबाट भएको,
- ❖ सन् १९१९ मा क्यानडाले छरिएर रहेका बस्तीका बाल बालिकालाई समेट्ने उद्देश्यले खुला विद्यालय सञ्चालन गरेको,
- ❖ सन् १९२६ मा तत्कालीन सोभियत सङ्घमा चिठीपत्रबाट अध्ययन गर्ने समाजको स्थापना गरिएको,
- ❖ सन् १९३० मा जिम्बाबेले देशमा छरिएर बसेका गोरा जातिका बाल बालिकाका लागि खुला विद्यालय सञ्चालन गरेको,
- ❖ सन् १९७० मा बेलायतमा खुला विश्व विद्यालय स्थापना गर्ने ऐन निर्माण भई सन् १९७१ देखि पाठ्यक्रम निर्माण गरी सञ्चालन गरिएको,
- ❖ सन् १९७९ मा भारतमा नेसनल खुला विद्यालय स्थापना भएको र हाल १३ लाखभन्दा बढी विद्यार्थीहरू अध्ययन गरिरहेका *(Goel,2000)*,
- ❖ सन् १९८५ मा भारतमा इन्दिरा गान्धी खुला विश्व विद्यालयको स्थापना भएको,
- ❖ सार्क मुलुक श्रीलङ्का, बङ्गलादेश र पाकिस्तानमा खुला विश्व विद्यालय स्थापना भई सञ्चालन भइरहेका तथा नेपाल, भुटान, माल्दिप्स र अफगानिस्तानमा स्थापना हुने क्रममा रहेका ।

#### (ख) नेपाल सन्दर्भ

- ❖ वि.सं २०१४ मा कलेज अफ एजुकेसनको प्रौढ शिक्षा शाखाबाट युवाहरूका लागि प्रसारित कार्यक्रमलाई पहिलो दूर शिक्षा पद्धति मानिएको,

- ❖ वि.सं २०३५ रेडियो शिक्षा शिक्षक तालिम युएसआइडी USAID को सहयोगमा सञ्चालन भएको,
- ❖ वि.सं २०५० मा दूर शिक्षा केन्द्रको स्थापना भएपछि कार्यक्रमको विकास र विस्तार भएको,
- ❖ नवौं योजना २०५४-२०५९ ले खुला विश्व विद्यालयको स्थापना गर्ने नीति लिएको,
- ❖ शिक्षा मन्त्रालयबाट २०६९ पौष २० मा खुला शिक्षा तथा दूर सिकाइ नीति लागु गरिएको,

  वि.सं. २०६३ माघ २५ गते मन्त्रिपरिषदबाट पारित राष्ट्रिय अनौपचारिक नीतिले 'विभिन्न उमेर र वर्गका व्यक्तिहरूलाई आवश्यकताअनुसार प्राज्ञिक तथा व्यावहारिक ज्ञान, सिप र सूचना प्रदान गरी अनौपचारिक शिक्षा क्षेत्रको विस्तार गर्ने' (**अशिके, २०६३**) उल्लेख भएको जसअनुसार हाल अनौपचारिक शिक्षा केन्द्रले निमावि तहको खुला विद्यालय सञ्चालन गरेको छ । त्यस्तै माध्यमिक तहको खुला विद्यालय शैक्षिक जनशक्ति विकास केन्द्रबाट सञ्चालन हुँदै आएको छ ।


नेपालमा खुला शिक्षा तथा दूर सिकाइ सम्बन्धी नीति २०६३ मा लागु भएको थियो जसमा शिक्षामा पहुँच विस्तार, परम्परागत शिक्षाको गुणस्तर वृद्धि, जीवन पर्यन्त शिक्षा र पेसागत अभिवृद्धि तथा ज्ञान र सिपको प्रमाणीकरण गर्ने नीतिलाइ प्राथमिकता दिइएको छ (**शैजविके, २०६३**) । विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका किशोर किशोरीहरूलाई शिक्षाको मूल प्रवाहीकरणमा ल्याउन वैकल्पिक, खुला तथा प्रौढ विद्यालय कार्यक्रमहरू सञ्चालित हुँदै आएका छन् ।

## सुझाव

दूर तथा खुला शिक्षाका लागि कस्तो नीति अवलम्बन गर्नुपर्ला ? संस्थागत संरचना र व्यवस्थापन कस्तो ढाँचाको हुनुपर्छ ? खुला शिक्षाका लक्षित वर्ग खुट्याएर तिनीहरूको उत्साहजनक सहभागिता कसरी जुटाउन सकिएला ? संस्थाको साधन स्रोत तर्जुमा गर्न कस्तो व्यवस्थापकीय रणनीति अपनाउनुपर्ला ? शिक्षण सिकाइ क्रियाकलाप तथा विषय वस्तु निर्क्यौल कसरी गर्ने ? विश्वसनीय परीक्षा र मूल्याङ्कनको तर्जुमा कसरी गर्न सकिन्छ ? यी र यस्तै प्रश्नहरूको उत्तरका आधारमा दूर तथा खुला शिक्षाको नीति तथा कार्यक्रम सुनिश्चित गरिनुपर्दछ । खुला शिक्षाको दायरा स्वभावले नै फराकिलो हुने भएकाले यसलाई व्यवस्थित गर्नका लागि सरोकारवालका बिचमा व्यापक छलफल एवम् सहकार्य हुन आवश्यक छ । काम कारबाहीमा पारदर्शिता, निर्णयमा सरोकारवालाको सहभागिता, विकेन्द्रित जिम्मेवारी र जवाफदेहिताको नीति अवलम्बन गरिनुपर्दछ । सार्वजनिक सरकारी नीतिअनुरूप साधन स्रोतको तर्जुमा र परिचालनका साथै कार्य दक्षता र प्रगतिको मूल्याङ्कनका आधार परिक्रमाभन्दा पराक्रम, हाम्रोभन्दा राम्रो तथा स्वार्थी नियतभन्दा राष्ट्रिय नीतिलाई प्रोत्साहित गर्ने खालको हुनुपर्छ । खुला शिक्षाको पहुँचको दायरा पनि स्वभावैले फराकिलो हुनुपर्दछ । विभिन्न कारणबाट औपचारिक शिक्षा पुरा गर्न नसकेकालाई पुनः औपचारिक शिक्षाको मूल प्रवाहमा ल्याउने रणनीतिलाई उच्च प्राथमिकता दिइनुपर्दछ । औपचारिक शिक्षाका विकृति, विसङ्गति तथा क्षतिलाई न्यूनीकरण गर्न सक्षम खुला शिक्षा नीति आजको आवश्यकता हो ।

खुला शिक्षाका विद्यालय र महाविद्यालय छुट्टा छुट्टै सञ्चालन गरिएता पनि सारभूत रूपमा एक अर्काका परिपूरक हुनुपर्दछ । दुवैको उद्देश्य एवम् मर्म र भावना सञ्रचनागत रूपमा सामान्यतया फरक भएतापनि सारमा तात्त्विक भिन्नता हुनुहुँदैन । राष्ट्रिय नीतिले निर्देशित गरेअनुसार खुला शिक्षाको कार्यक्रम तथा पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्दछ । कार्यक्रमको सार्थकता तब हुन्छ जब लक्षित वर्गको आस्था र विश्वास जिती अपनत्वको भावना सिर्जना गर्न सकिन्छ अर्थात् आर्थिक, सामाजिक, भौगोलिक, संस्कार र संस्कृति, उमेर, समय आदि विविध बाध्यतामा सहज हुने गरी सबैलाई समेट्ने खालको खुला शिक्षा नीति अवलम्बन गरिनुपर्दछ ।

## खुला शिक्षा र नौ 'स'




दूर तथा खुला शिक्षालाई सार्थक लक्ष्यमा पुऱ्याउन सरकार तथा समुदायलगायत सरोकारवाला सबैका साथ सहयोग अपरिहार्य हुन्छ । तीमध्ये तल डायग्राममा देखाएअनुसार **सरकार, सङ्घ संस्था, समुदाय र सरोकारवाला** तथा तिनीहरूका बिचमा **स्वामित्व, समन्वय, सहकार्य, समीक्षा र सञ्चार** (**कार्की,** २०६७) को प्रवाभकारी कार्यान्वयनबाट खुला शिक्षा दिगो रूपमा फस्टाउने यथार्थता हो ।

सार्वजनिक निजी साझेदारी अवधारणाको मर्मलाई आत्मसात् गर्ने नीति लिएमा सहकार्य समन्वय र सद्भावलाई प्रवर्धन गर्छ । सरोकार पक्षको अपनत्वको भावनालाई बढावा दिनुपर्छ । खर्च मितव्ययी गर्न विषयगत विशेषज्ञतालाई शिक्षणमा भित्र्याउन आंशिक सेवा करारमा लिने व्यवस्था गरिनुपर्दछ । खुला विद्यालय शिक्षा सञ्चालन एवम् व्यवस्थापनमा सामुदायिक अध्ययन केन्द्रलाई पनि जिम्मेवार बनाउन सकिन्छ । विद्यार्थीको जीवन पद्धतिलाई सहज र प्रतिस्पर्धी बनाउन आवश्यक ज्ञान, सिप र अभिवृत्तिको विकास र विस्तार गर्ने खालको विषय एवम् विधि हुनुपर्दछ ।

## पाठ्यक्रम र सूचना तथा सञ्चार प्रविधि

पाठ्यक्रम तथा पाठ्य पुस्तकलाई यथाशक्य स्थानीयकरणका साथै समयानुकूल परिमार्जन र परिस्कृत गर्ने लचकता प्रदान गर्नाले जीवनोपयोगी शिक्षा हासिल गर्ने मौका प्राप्त हुनुका साथै कार्यक्रममा रोचकता ल्याउन पनि त्यतिकै हौसला प्रदान गर्दछ । खुला शिक्षा र नियमित औपचारिक शिक्षाका पाठ्यक्रमहरूबिच तात्त्विक फरक हुनु हुँदैन । नियमित र खुला शिक्षाबाट एक अर्कामा जान सक्ने खालका सुविधायुक्त पाठ्यक्रम लागु गरिनुपर्दछ । पाठ्य वस्तुको प्रकृति र आवश्यकताअनुसार सम्पर्क कक्षा र सञ्चार माध्यमबाट सिक्ने सिकाउने खालको सिकाइ प्रणाली चयन गरिनुपर्दछ । परम्परागत शिक्षण विधिलाई विस्थापन गर्दै सूचना तथा सञ्चार प्रविधि (ICT) अनुरूप **e-learning** लाई प्रोत्साहित गरिनुपर्दछ । इमेल, इन्टरनेट, टेलिफोन, टेलिभिजन, एफएम, मोबाइल, टेलिकनन्सिङ, भिडियो कन्फ्रेन्सिङ (**शैजविके,** २०६३) आदि सञ्चारका माध्यमको चयन विषय अध्ययन कर्ताको पहुँच र क्षमताअनुसार गरि नुपर्दछ । वर्तमान प्रतिस्पर्धी युगमा गुणस्तरीय जीवन यापन लागि विज्ञान र प्रविधिमा भएको नवीनतम ज्ञान र सिपबाट सुसज्जित हुन इच्छुक जो कोहीलाई खुला शिक्षाले समेट्न सक्नुपर्दछ । सिकाइ भाषाको माध्यम लक्षित वर्गको चेतना एवम् शिक्षाको स्तरका आधारमा स्थानीयकरण गर्दै दायरा फराकिलो गर्नुपर्दछ । विद्यालय शिक्षाका लागि देशभर विद्यालयहरू सञ्चालन गरिए जस्तै खुला शिक्षाका लागि पनि पाएक पर्ने ठाउँमा स्थायी प्रकृतिका संस्थागत संरचनाको व्यवस्थापन हुनुपर्दछ ।

प्रारम्भमा खुला शिक्षाको सम्पर्क र अध्ययनका लागि शैक्षिक संस्थाका रूपमा अनौपचारिक शिक्षा केन्द्रबाट सञ्चालित सामुदायिक अध्ययन केन्द्र, शैक्षिक जनशक्ति केन्द्रबाट सञ्चालित शैक्षिक तालिम केन्द्र क र ख तथा स्रोतकेन्द्रलाई समेत सूचना र प्रविधिलगायत शैक्षिक सामग्री एवम् दक्ष मानवीय साधन स्रोतबाट सुसज्जित गरेर प्रयोग गर्न सकिन्छ । त्यसै गरी अन्य सरकारी गैरसरकारी सङ्घ संस्थाहरूसँग उनीहरूको क्षमता र

हैसियतअनुसार समन्वय र साझेदारीमा खुला शिक्षाको विकास र विस्तार दिगो रूपमा गर्न सकिन्छ । खुला शिक्षाको आवश्यकता र औचित्य, विकास र विस्तार एवम् लोकप्रियता त्यहाँबाट उत्पादन हुने विद्यार्थीको उपलब्धि स्तरले निर्क्यौल गर्दछ ।

## परीक्षा र मूल्याङ्कन

खुला शिक्षाको वैधानिकता र विश्वसनीयतालाई सुनिश्चित गर्नका लागि व्यवस्थित र मर्यादित परीक्षा प्रणालीको अहम् भूमिका हुन्छ । विद्यार्थीको उपलब्धि धरातल पत्ता लगाई उनीहरूको प्रगतिलाई निरन्तर प्रोत्साहित गर्नका लागि परीक्षा र मूल्याङ्कन केन्द्रित हुनुर्पछ । हाल शैक्षिक जनशक्ति विकास केन्द्रबाट ८५ खुला माध्यमिक विद्यालय सञ्चालनमा छन् । खुला विद्यालय स्थापना भएपश्चात् २०६५ सालदेखि एसएलसी परीक्षामा सम्मिलित भएको पाइन्छ । तल उल्लिखित तालिकाअनुसार परीक्षार्थीको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गएको देखिएता पनि उत्तीर्ण प्रतिशत उत्साहजनक छैन । खुला विद्यालयहरूलाई साधान स्रोत सम्पन्न बनाएर नियमित अनुगमन, नियमन र पृष्ठ पोषणका लागि विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

खुला विद्यालयको प्रारम्भदेखि एसएलसी नतिजा विवरण

| एसएलसी वर्ष | परीक्षामा सम्मिलित | उत्तीर्ण सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| २०६५ | ११६३ | ५५९ | ४४.०७ |
| २०६६ | ४२१४ | १८८८ | ४४.८० |
| २०६७ | ६३७४ | २७७८ | ४३.५८ |
| २०६८ | ८९६६ | २३९० | २६.६६ |
| २०६९ | ५२०५ | ६४६ | १२.४१ |
| २०७० | ५२२७ | १०६१ | २१.११ |
| २०७१ | ७७३६ | **नतिजा आउन बांकी** | |

**स्रोत : परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी ।**

उच्च शिक्षा आर्जनका लागि पनि खुला शिक्षा नीति सशक्त विकल्प हो । खुला शिक्षाको सुविधाबाट आफ्नो अनुकूल वा फुर्सदको समयमा अध्ययन गर्ने मौका मिल्छ । साथै परम्परागत नियमित शिक्षाभन्दा समय र सम्पत्तिको किफायत हुने यथार्थता हो । खुला शिक्षा पद्धतिबाट जो कोही पेसाकर्मीलाई नवीनतम ज्ञान र सिपबाट सुसज्जित भई पेसागत दक्षता बढाउने अवसर प्राप्त हुन्छ । यसको पुष्टि पूर्वाञ्चल विश्व विद्यालयबाट हाल सञ्चालनमा रहेको एक बर्से बीएड अध्ययन गरेर उच्च श्रेणी हासिल गर्ने राजपत्राङ्कित कर्मचारीहरूले पदोन्नति प्रतिस्पर्धामा अधिक सफलता मिलेको यथार्थता हो । अर्कोतर्फ उक्त स्नातक तह अध्ययन गर्नेमध्ये अधिकांशले प्रथम श्रेणी वा सोभन्दा माथि प्राप्ताङ्क ल्याउने गरेको तथ्याङ्कले पुष्टि गर्दछ । जसबाट खुला विश्वविद्यालय समेतको गुणस्तर र सान्दर्भिकता एवम् लोकप्रियता अझ बढेको पुष्टि हुन्छ ।

खुला विद्यालय वा महाविद्यालयको परीक्षा प्रणालीमा लचकता हुनु आवश्यक छ किनकि खुला शिक्षामा विद्यार्थीले आआफ्नो अनुकूल समयमा शिक्षा आर्जन गर्ने भएकाले उनीहरूको परीक्षा र मूल्याङ्कनको समयमा पनि लचकता अपनाउनु व्यावहारिक हुन्छ । यसका लागि विद्यार्थीको मागमा आधारित परीक्षा (on demand exam) सञ्चालन गर्न सकिन्छ । विद्यार्थीको आन्तरिक परीक्षा शिक्षकले लिने व्यवस्था हुनुपर्दछ । कम्प्युटर तथा अनलाइन (online) मा आधारित परीक्षा तथा फोनबाट प्रत्यक्षवार्ता गरी मौखिक परीक्षा लिन सकिन्छ । एसाइनमेन्ट (assignment) का आधारमा लिने परीक्षाका लागि केही अङ्क भार छुट्याउन सकिन्छ । खुला शिक्षा कार्यक्रमको अनुगमन र निरीक्षण मौजुदा शिक्षाको संरचनाका अतिरिक्त सेवाग्राही र सरोकारवालाको प्रत्यक्ष संलग्नतामा गर्ने नीति भएमा कार्यक्रम अझ सशक्त हुने छ तर गुणस्तर कायम राख्न कुनै पनि

किसिमको सम्झौता गरिनु हुन्न । अनुगमन निरीक्षणलाई आवद्ध संस्था र पदाधिकारीहरूबिच सञ्जाल खडा गरी आपसी समझदारीका आधारमा कार्यक्रम बनाई निरन्तरता दिन सके वास्तविक रूपमा फलदायी अनुगमन हुने छ ।

### आर्थिक व्यवस्थापन

दूर तथा खुला सिकाइ सञ्चालनमा आर्थिक व्यवस्थापनले प्रत्यक्ष असर पार्दछ । दूर तथा खुला शिक्षा परम्परागत औपचारिक शिक्षाभन्दा सस्तो पर्ने यथार्थता हो । राज्यबाट शिक्षामा पर्याप्त लगानी गर्न नसकेको वर्तमान अवस्थामा खुला शिक्षामा पूर्ण लगानीको अपेक्षा गर्न सकिन्न । त्यस कारण आर्थिक व्यवस्थापनका लागि निम्नानुसारको नीति व्यावहारिक हुन सक्छ :

(क) आधारभूत तहको शिक्षा निःशुल्क (cost free) गर्ने ।

(ख) माध्यमिक तहको हकमा लागत साझेदारी (cost sharing) गर्ने ।

(ग) उच्च शिक्षाको हकमा आपूरण (cost recovery) को नीति अवलम्बन गर्ने ।

उल्लिखित खर्च व्यवस्थापन औपचारिक शिक्षातर्फ राज्यले लिएको नीति नै आवश्यकताअनुसार क्रमिक रूपमा लागु गर्दै जानु न्यायोचित हुन्छ किनकि अहिले खुला विद्यालयमा पढाउने पर्याप्त दक्ष शिक्षकको अभाव भएको सर्वत्र गुनासो छ । नागरिकलाई उनीहरूका योग्यता, क्षमता आवश्यकता र चाहनाअनुसारको शिक्षा आर्जन गर्ने अवसरको सुनिश्चितताका लागि शैक्षिक संस्थाहरूको विकास र विस्तार गर्नु राज्यको दायित्व हो ।

### सारांश

खुला शिक्षा समावेशीकरणको ढोका हो । यसको दायरा उमेर, समय, पाठ्यक्रम तथा विषय वस्तुमा लचकता भएकाले सबैको पहुँच सहज हुन्छ । नेपाल जस्तो धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक विविधता र भौगोलिक विकटता भएको देशको शिक्षामा विकास र विस्तारका लागि गुणस्तरीय खुला शिक्षाको सुनिश्चितता अपरिहार्य छ । शिक्षाको सहज पहुँचबाट अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउँदै एक पौरखी नागरिक बनाउन व्यवस्थित एवम् गतिशील खुला शिक्षा नीति अत्यावश्यक हुन्छ । नियमित र खुला शिक्षा एक अर्काको परिपूरक हुन् । तसर्थ खुला मानसिकताले यी दुवैलाई उत्तिकै महत्त्व दिएर सञ्चालन गर्नु भनेको मौजुदा जनशक्तिलाई नवीनतम् ज्ञान र सिपबाट सुसज्जित एवम् सशक्तीकरण गर्दै नयाँ नेपाल बनाउने कुशल कालीगढ उत्पादन गर्नु हो ।

### सन्दर्भ सामग्री


शिक्षा मन्त्रालय (२०७१), शैक्षिक सूचना, काठमाडौं : शिक्षा मन्त्रालय ।

अशिके (२०६३), अनौपचारिक शिक्षा नीति, २०६३, भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

शैजविके (२०६३), खुला तथा दूर शिक्षा सिकाइ नीति, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

कार्की, बी.के.(२०६७), गोरखापत्र दैनिक (असार २६ गते), काठमाडौँ : गोरखापत्र संस्थान ।

*Daniel, JS(1998) Mega- Universities and knowlegde Media: Technology, Strategies for Higher Education , Koganpage: London.*

*Goel, A. (2000), Distance Education in the 21 first century, Aruna Goel & S.L. Goel, New Delhi: Deep & Deep .*

*MOE, (2010), Nepal Education in Figures 2014 At a Glance. Kathmandu: MOE.*

*CBS,(2012), National Population Census 2011,Kathmandu: Author. www.benefits of distance learning.*